एकच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राई चस वर्ष बक्स अफिसका हिट मेसिन बनेका छन्। उनका दुई फिल्म लगातार व्यावसायिक रुपमा सफल भएका छन्। त्यो पनि डेढ महिनाको अन्तरालमा। चस वर्षका लागि उनको पहिलो सुपरहिट फिल्म "पेन्सन पट्ठा" हो। गत भदौ २६ गते रिलिज भएको फिल्मले १० करोडभन्दा बढीको व्यापार गरेको छ। चसले प्रदर्शनको १० दिनमै साढे १० करोडको आँकडा पार गरेको छ।

आजको विचार...



नेपाली...
(दुई पेजमा)

मेघनाथ दाहाल

फिल्ममेकर निश्चल बस्नेतले चुपचाप बस्नै नपाउने। कुनै न कुनै लफडाले घेरिहाल्छ। अन्ततः उनले त्यसमा प्रतिक्रिया दिनैपर्छ। स्पष्टीकरण दिनैपर्छ। यसपालि फेरि उस्तै समस्या आइलाग्यो। केही दिनअघि दिल निशानी मगरले पोस्ट गरेको एउटा तस्बिरले निश्चलको रक्तचाप बढाइदिएको हो। उक्त तस्बिरमा निश्चल बस्नेत र इनम सापकोटा एकसाथ देखिएका छन्। उनीहरूले कुन सन्दर्भमा यो तस्बिर खिचेका हुन् ? स्पष्ट छैन। यता, दिल निशानीले उक्त तस्बिर पोस्ट गर्दै निश्चलको आलोचना गरेका थिए।



❐ वर्ष ३२ ❐ अंक १०१ ❐ २०८३ कार्तिक १७ गते मंगलबार 3 November 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

सडक निर्माणमा करेन्ट लागेर ८ मजदुरको मृत्यु

एजेन्सी

जयपुर, कार्तिक १६/भारतको राजस्थानस्थित झुन्झुनू जिल्लामा सडक निर्माणका क्रममा करेन्ट लाग्दा ८ जना मजदुरको घटनास्थलमै मृत्यु भएको छ भने अन्य ५ जना गम्भीर घाइते भएका छन् । जिल्लाको उदयपुरवाटी तहसीलअन्तर्गत पर्ने छापोली गाउँमा सोमबार यो दुर्घटना भएको हो । उदयपुरवाटीका थाना प्रभारी (एसएचओ) रामपालका अनुसार सडक निर्माण कार्यमा गिट्टी बालुवा मिसाउने (मिक्सर) मेसिन अचानक माथिबाट गएको उच्च क्षमताको बिजुलीको लाइन (हाईटेन्सन लाइन) मा छुन पुगेको थियो । हाईटेन्सन लाइन छुनेबित्तिकै पूरै मेसिनमा करेन्ट प्रवाह भएको र त्यहाँ काम गरिरहेका मजदुरहरू त्यसको चपेटामा परेका थिए । घटनालगतै स्थानीय क्षेत्रमा त्रास र आक्रोशको वातावरण बनेको थियो । आक्रोशित स्थानीय बासिन्दाहरूले घटनास्थलमै धर्ना दिएर विरोध प्रदर्शन सुरु गरेका छन् । स्थितिलाई नियन्त्रणमा लिन र घटनाको अनुगमन गर्न स्थानीय विधायक भगवानाराम सैनी तथा प्रहरीहरू घटनास्थल पुगेका थिए ।

राहदानी लिन सदरमुकाम धाउनुपर्ने बाध्यता हट्यो

रामचन्द्र रायमाझी/रासस

पाल्पा, कार्तिक १६/राहदानी लिन सदरमुकाम तानसेन पुग्नुपर्ने सोच बनाइरहेका रम्भा गाउँपालिका-का सुमित बाइघरेका लागि एक दिन अप्रत्याशित खुसीको खबर आयो ।

उनको घरमा अचानक हुलाकका कर्मचारी आइपुगे । उनीहरूको हातमा थियो, बाइघरेकै राहदानी । घरमै आमा-बुवासँग बसेर राहदानी लिन एक-दुई दिनभित्रै जिल्ला प्रशासन कार्यालय जाने सल्लाह भइरहेको थियो । तर सदरमुकाम पुग्नुपर्ने झन्झट नहुँदै राहदानी घरकै दैलोमा आइपुगेपछि बाइघरे दङ्ग परे । "पासपोर्ट लिन जिल्ला प्रशासन जाने सल्लाह हुँदै थियो," उनले भने, "हुलाकका कर्मचारीले घरमै त्याइदिए ।" राहदानी लिन कार्यालयसम्म पुग्ने नपरी घरमै प्राप्त गर्न सकिन्छ भन्ने आफूले कल्पनासमेत नगरेको उनको भनाइ छ । सरकारी सेवा घरदैलोमै आइपुग्दा उनका लागि यो राहदानी प्राप्त गर्ने सहज माध्यम मात्र बनेन, राज्यबाट सेवा लिन नागरिकले भोग्दै आएको झन्झट कम भएको अनुभूति पनि बन्यो । माथागढी गाउँपालिकाका- ६ का लेखबहादुर गाहाको अनुभव पनि उस्तै छ । घरमै पासपोर्ट पाएपछि उनी फुरुङ्ग छन् । घरमै राहदानी प्राप्त गर्दा समय र खर्च दुवै बचत भएको गाहाको भनाइ छ । "पहिले राहदानी लिन तानसेनमै पुग्नुपर्ने चिन्ता थियो । अहिले घरमै आएपछि निकै सजिलो भयो," गाहाले भने, "सरकारी सेवा यसरी घरदैलोमै पुग्दा हामीजस्ता टाढाका नागरिकलाई ठूलो राहत भएको छ ।" राहदानी बनाउन जिल्ला सदरमुकाम वा सम्बन्धित कार्यालयसम्म पुग्नुपर्ने बाध्यताका कारण ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकले थप समय र पैसा खर्च गर्नुपर्ने अवस्था थियो । घरमै राहदानी वितरण हुन थालेपछि उक्त समस्या केही हदसम्म कम भएको उनले सुनाए । सरकारले शासकीय सुधार कार्यक्रम अन्तर्गत सुरु गरेको हुलाकमार्फत घरमै राहदानी पुऱ्याउने सेवाले बाइघरे र गाहा जस्ता धेरैलाई सहज भएको छ । जिल्ला प्रशासन कार्यालय पाल्पाले सेवाग्राहीको राहदानी जिल्ला हुलाक कार्यालयमार्फत घर-घरमा पुऱ्याउन थालेको छ । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबिच गत वैशाखमा भएको सम्झौतापछि राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर हस्तान्तरण गर्न थालिएको हुलाक कार्यालयका प्रमुख अर्जुन चौधरीले बताए । उनले भने "जिल्ला प्रशासन कार्यालयबाट घरदैलोमा नै राहदानी बुझ्ने दर्ता फाराम भरेका सेवाग्राहीहरुको राहदानी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरी सम्बन्धित सेवाग्राहीलाई डेलिभरी कार्यको सुरुवात गरेका छौं ।" यस सेवाबाट जिल्ला सदरमुकामबाट टाढा रहेका सेवाग्राहीहरुले राहदानी लिनका लागि मात्र सदरमुकामसम्म आउनुपर्ने झन्झटबाट मुक्ति मिलेको र समय तथा स्रोतको बचत पनि भएको उनको भनाइ छ । भदौको अन्तिमसम्म आयात भएका राहदानी मध्ये ५ वटा सेवाग्राहीको घरमै पुगेर वितरण गरिसकिएको हुलाक कार्यालयका सुचना अधिकारी टंक भण्डारीले बताए । उनका अनुसार माथागढीका दुई जना, रम्भा, रैनादेवी छहरा र तानसेनका एक/एक जना सेवाग्राहीलाई घरमै गएर राहदानी वितरण गरिएको हो । घरमै राहदानी प्राप्त गर्न चाहने सेवाग्राहीले हुलाक शुल्क स्वरूप रु ५५ बराबरको टिकट खर्च व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । राहदानी बनाउने प्रक्रिया पूरा गरेपछि त्यसलाई लिन जिल्ला सदरमुकाम वा सम्बन्धित कार्यालयसम्म पुनुपर्ने बाध्यता लामो समयदेखि सेवाग्राहीले भोग्दै आएका थिए । विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकका लागि एउटा राहदानी लिनकै लागि सदरमुकामसम्म पुरनु समय र खर्च दुवैका हिसाबले बोझिलो बन्ने गरेको थियो । तर सरकारले शासकीय सुधार कार्यक्रमअन्तर्गत अघि बढाएको हुलाकमार्फत राहदानी घरमै पुऱ्याउने सेवाले नागरिकको यही बाध्यता कम गर्न थालेको छ । सेवा विस्तार र प्रभावकारी कार्यान्वयन हुन सकेमा ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकका लागि यो व्यवस्था थप उपयोगी बन्ने देखिन्छ ।



तस्वीर : जिल्ला हुलाक कार्यालयमा प्राप्त भएका राहदानी सहित पाठशाल सम्बन्धित ठाउँमा डेलिभरी दिन गाडीबाट झर्दै हुलाकका कर्मचारी ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

भैरहवामा युवा क्रिकेटको जमघट, फ्रेन्डसीप सिरिज

रुपन्देही, कार्तिक १६/युवा क्रिकेट खेलाडीको प्रतिभा पहिचान, खेलकौशल विकास र प्रतिस्पर्धात्मक अनुभव अभिवृद्धि गर्ने उद्देश्यले रुपन्देहीमा 'एकेडेमी फ्रेण्डसीप सिरिज-२०८३' सुरु भएको छ ।

रुपन्देही क्रिकेट सैको आयोजनामा आइतबारदेखि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा सुरु भएको प्रतियोगिता आगामी कात्तिक २० गते सम्म सञ्चालन हुनेछ । प्रतियोगितामा रुपन्देही क्रिकेट एकेडेमी र काठमाडौंस्थित हिमालयन स्पोर्ट्स म्यानेजमेन्ट एकेडेमीका खेलाडी सहभागी छन् ।सैका कोषाध्यक्ष धिरज अधिकारी क्षेत्रीका अनुसार प्रतियोगितामा १५ वर्षमुनि, १४ वर्षमुनि र १२ वर्षमुनिका खेलाडीबिच मैत्रीपूर्ण प्रतिस्पर्धा हुनेछ । सैका सचिव उदयकुमार मल्लिकले दुवै एकेडेमीका खेलाडीलाई खेल अभ्यासँगै प्रतिस्पर्धाको अवसर प्रदान गर्ने र एकअर्कोबाट सिक्ने वातावरण निर्माण गर्ने उद्देश्यले सिरिज आयोजना गरिएको बताए । प्रतियोगिताको उद्घाटन गर्दै पर्यटन व्यवसायी अमितकुमार गुप्ताले सानै उमेरदेखि बालबालिकाले क्रिकेटप्रति देखाएको रुचि सकारात्मक रहेको बताए । अभिभावकले आफ्ना बालबालिकालाई खेल प्रशिक्षणमा सहभागी गराउनु नेपाली क्रिकेटको भविष्यका लागि महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । नेपाल क्रिकेट सैका पूर्वकार्यवाहक सचिव प्रशान्तविक्रम मल्लले खेलाडीले प्रशिक्षकका सुझावलाई आत्मसात् गर्दै अनुशासन र निरन्तर अभ्यासमा ध्यान दिनुपर्ने बताए । पढाइलाई निरन्तरता दिँदै खेलकुदमा पनि उत्कृष्ट प्रदर्शन गर्न उहाँले खेलाडीलाई आग्रह गरे । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वसदस्य अमृत भट्टराईले युवा खेलाडीको क्षमता विकासका लागि नियमित प्रतियोगितामा सहभागिता आवश्यक रहेको बताउनुभयो । धेरै खेल खेल्ने अवसरले खेलाडीलाई नयाँ सीप सिक्न र आफ्नो कमजोरी सुधार गर्न मद्दत पुग्ने उनको भनाइ थियो ।**-रासस**



पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

बढ्दो महँगीको चुनौती

महँगी आज नेपाली समाजको एउटा गम्भीर आर्थिक तथा सामाजिक चुनौती बनेको छ । दिनप्रतिदिन बढ्दै गएको वस्तु तथा सेवाको मूल्यले आमनागरिकको जनजीवन कष्टकर बन्दै गएको छ । विशेषगरी न्यून आय भएका, मजदुर, किसान, विद्यार्थी तथा दैनिक ज्यालादारीमा निर्भर परिवारहरू महँगीको प्रत्यक्ष मारमा परेका छन् । आम्दानी सीमित छ, तर दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहेको छ । यस्तो अवस्थामा सामान्य नागरिकलाई आफ्नो परिवारको आधारभूत आवश्यकता पूरा गर्नसमेत कठिन हुँदै गएको छ । खाद्यान्न, तरकारी, तेल, दाल, चामल, लत्ताकपडा, औषधि, शिक्षा, स्वास्थ्य तथा यातायातजस्ता अत्यावश्यक वस्तु तथा सेवाको मूल्यवृद्धिले नागरिकको जीवनस्तरमा नकारात्मक प्रभाव पारेको छ । बजारमा मूल्यवृद्धि हुनुका पछाडी उत्पादन लागत बढ्नु, इन्धनको मूल्यमा वृद्धि हुनु, आयातमा निर्भरता, बजारमा बिचौलियाको प्रभाव, कृत्रिम अभाव सिर्जना हुनु तथा प्रभावकारी बजार अनुगमनको अभावजस्ता कारणहरू रहेका छन् ।

महँगी बढ्दै जाँदा नागरिकको क्रयशक्ति घट्दै गएको छ । पहिले सामान्य आम्दानीबाट परिवारको खर्च धान्न सकिने अवस्था थियो भने अहिले त्यही आम्दानीले महिनाभरि घरखर्च चलाउन मुस्किल भइरहेको छ। यसले गरिबी, बेरोजगारी, आर्थिक असमानता र सामाजिक समस्यालाई समेत बढावा दिइरहेको छ । अझ चिन्ताको विषय त के छ भने महँगीको तुलनामा श्रमिकको ज्याला र सर्वसाधारणको आम्दानी वृद्धि हुन सकेको छैन।महँगी नियन्त्रण गर्नु सरकारको प्रमुख दायित्व हो । यसका लागि सरकारले बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ। कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने र उपभोक्तालाई ठगी गर्ने व्यवसायीलाई कानुनी दायरामा ल्याउनुपर्छ । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्दै कृषि तथा औद्योगिक क्षेत्रमा लगानी बढाउनुपर्छ । आयातमा निर्भरता घटाई आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ राज्यले विशेष ध्यान दिन आवश्यक छ । साथै, मूल्यवृद्धि नियन्त्रणका लागि स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन अपरिहार्य छ।नागरिकहरू पनि सचेत र जिम्मेवार बन्न आवश्यक छ । अनावश्यक खर्च कटौती गर्ने, स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकता दिने र उपभोक्ता अधिकारप्रति सचेत रहने बानीको विकास गर्नुपर्छ । तर महँगी नियन्त्रणको सम्पूर्ण जिम्मेवारी नागरिकमाथि थोपर्न मिल्दैन । यसमा सरकार, निजी क्षेत्र र उपभोक्ता सबैको साझा भूमिका रहनुपर्छ । अन्त्यमा, बढ्दो महँगी केवल आर्थिक समस्या मात्र नभई आम नागरिकको जीवन, सामाजिक न्याय र समृद्धिसँग जोडिएको विषय हो । जनताको जीवनस्तर सुधार्ने र आर्थिक स्थायित्व कायम गर्ने हो भने महँगी नियन्त्रणलाई सरकारले प्राथमिकतामा राख्नैपर्छ।

Opinion @ Social Network

केहि उत्तर समय सङ्ग मागेको छु,
केहि आशा आफैं सङ्ग राखेको छु।
(बिरु थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Biru.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

नेपाली अर्थतन्त्रका मुख्य आधारस्तम्भ नै कमजोर



मेघनाथ दाहाल

राजनीतिक रूपमा नेपालले धेरै सकारात्मक काम नगरेको होइन तर राजनीतिलाई मात्र सदासर्वदा केन्द्रमा राखिँदा अन्य विषय प्राथमिकतामा पर्न नसकेकै कारण मुलुकले आशातित सफलता हाँसिल गर्न नसकेको हो । कृषि, शिक्षा, उद्योग, पर्यटन, निर्माण, सेवा, आयात, निर्यात, उत्पादन, अध्ययन अनुसन्धानलगायत विषयमा परम्परागत पक्षबाट माथि जान नसकेकै अवस्था छ । समाजको गुणात्मक तथा संख्यात्मक सकारात्मकतामा राज्यका मुख्य स्टेकहोल्डरबीच समन्वय, समयसापेक्ष सुधार नभएर जसोतसो राज्य सञ्चालन भएको मात्र देखिन्छ । सरकारको निरन्तरको परिवर्तनले नीतिगत रूपमा ठोस परिवर्तन ल्याएको छैन । हाल राज्यको प्रमुख समस्या आर्थिक तथा सामाजिक रूपान्तरणको हो । साथमा युवाहरूको रोजगार, समयसापेक्ष ज्यालादरको व्यवस्थापन विषयले प्राथमिकता पाउनसकेको छैन ।

सन् १९९० र हालको नेपाली अर्थतन्त्रमा दाजेर हेर्ने हो भने आकाशपातालको फरक देखिन्छ । समाज, अर्थतन्त्र, सामाजिक, सांस्कृतिक परिवेश, राजनीति, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार अन्य विषयमा धेरै सकारात्मकता देखिन्छ तर यो झण्डै चालीस वर्षको दौरानमा नेपालसँगैका वा सामाजिक, आर्थिक रूपमा नेपालभन्दा पछि परेका मुलुकले के कति उन्नति गरे, दाजेर हेर्दा पछि परेको प्रष्ट रूपमा देख्न सकिन्छ । नजिकैको देश भुटान र केही अफ्रिकी मुलुक छन् । आन्तरिक तथा बाह्य कारणले राजनीतिको खेतीपाती अत्यन्तै धेरै भएकै हो । राजनीतिक रूपमा नेपालले धेरै सकारात्मक काम नगरेको होइन तर राजनीतिलाई मात्र सदासर्वदा केन्द्रमा राखिँदा अन्य विषय प्राथमिकतामा पर्न नसकेकै कारण मुलुकले आशातित सफलता हाँसिल गर्न नसकेको हो । कृषि, शिक्षा, उद्योग, पर्यटन, निर्माण, सेवा, आयात, निर्यात, उत्पादन, अध्ययन अनुसन्धानलगायत विषयमा परम्परागत पक्षबाट माथि जान नसकेकै अवस्था छ । समाजको गुणात्मक तथा संख्यात्मक सकारात्मकतामा राज्यका मुख्य स्टेकहोल्डरबीच समन्वय, समयसापेक्ष सुधार नभएर जसोतसो राज्य सञ्चालन भएको मात्र देखिन्छ । सरकारको निरन्तरको परिवर्तनले नीतिगत रूपमा ठोस परिवर्तन ल्याएको छैन । हाल राज्यको प्रमुख समस्या आर्थिक तथा सामाजिक रूपान्तरणको हो । साथमा युवाहरूको रोजगार, समयसापेक्ष ज्यालादरको व्यवस्थापन विषयले प्राथमिकता पाउनसकेको छैन । राजनीतिको जात्र र अघोषित व्यापारले मुलुकलाई माथि लैजान नसक्ने प्रष्टै छ । उत्पादन सम्भावना भएका वस्तुहरूको विस्तार, उचित मूल्यको व्यवस्थापन चुनौतीको विषय हो । अर्थतन्त्रको विस्तार गर्न नसकी राजनीतिका कारणले मात्र मुलुकमा स्थायित्वको कल्पना गर्नु तार्किक हुँदैन । कृषिलाई उँभो लाग्न नदिएकै हो । यद्यपि आन्तरिक उपयोगमा भने प्रयोग भइरहेको अवस्था छ । नेपाली कृषिक्षेत्रको हालको नाजुक अवस्था आजको भोलि नै तुरुन्तै तयार भएको होइन । यसका लागि विगत २२,२५ वर्षदेखिको राजनीति र यसले भुइँमान्छेको जीवनमा ल्याउन नसकेको सुधार हो । जनसंख्याको ठूलो हिस्सा नचाहेरै भए पनि विदेशिन बाध्य भएको छ । राज्यले उनीहरूको श्रम, सीप तथा क्षमताको उपयोग गर्न नसकेकै हो । यसले दोहोरो असर पऱ्यो । एकातिर रोजगारको अभावमा श्रमशक्ति बाहिरियो भने साथमा आर्थिक वृद्धिका कारण राज्यमा हुने सकारात्मकताको कमीमा विस्तार भएर आजको अवस्थामा समाज आइपुगेको छ । जमिनको वैज्ञानिक उपयोगको निमित्त बनाइएका समिति तथा आयोगहरूले आजका दिनसम्म उपयुक्त किसिमले काम गर्न सकेको देखिँदैन । ७५३ स्थानीय निकायमध्ये मात्र ३९० जसोतसो आफ्नो प्रतिवेदन बुझाउन सफल भएका देखिन्छन्, बाँकीले काम सुरु गर्न सकेका छैनन् । जनसंख्याको ६० प्रतिशत मानिस कृषिमा आधारित हुने तर यस क्षेत्र कहिल्यै प्राथमिकतामा नपर्दाको असर राज्यले आजका दिनहरूमा प्रत्यक्ष रूपमा भोग्न थालेको छ । अझ चार-पाँच पर्षसम्म होस् पुऱ्याउन सके पनि यसलाई सही बाटोमा डोहोऱ्याउन सकिन्छ । कृषि क्षेत्रको व्यावसायीकरण अपरिहार्य विषय हो । आधुनिक खेती प्रणालीमा जान जमिनको चक्लाबन्दी, सही उपयोग यो नीतिगत व्यवस्था आवश्यक छ, तर त्यति सजिलो देखिँदैन । संविधानले निजी संपत्तिमाथिको अधिकारको स्पष्ट व्यवस्था गरेको छ । साथमा नेपालीहरूको चुल्होमा केही पकाउने हो भने अब कसैगरी भए तापनि कृषिलाई व्यवस्थापन नगरी सुख छैन । नेपालको पूर्वदेखि पश्चिमसम्मको तराई र भित्रीमधेसलाई लिएर हेर्ने हो भने अन्न उत्पादनको हिसाबमा लगभग ८० प्रतिशतको हिस्सा ओगट्ने यो क्षेत्र आन्तरिक बसाईंसराइबाट आहत भएको देखिन्छ । कृषि क्षेत्रको व्यावसायिक, प्रतिष्ठासहितको व्यवस्थापन, आन्तरिक रूपमा विद्यमान अत्यन्तै द्रुत गतिको स्थानान्तणले पारेको प्रभावको बारेमा सरकार गहन रूपमा चिन्तनशील हुने देखिन्छ । अन्यथा कागजी रूपमा जतिसुकै राम्रा एवं उन्नत जातका कृषि परियोजना ल्याइए तापनि यसै हराएर जाने देखिन्छ । जनसंख्याको सबैभन्दा ठूलो कृषिमै भएर पनि आजको दिनमा पनि औसतमा प्रतिहेक्टर चार मेट्रिक टनभन्दा माथि धानको उत्पादन गर्न सकिएको छैन । मकै उत्पादन हुने अधिकांश बस्ती बाँदर आतंक वा बसाईंसराइले जमिन जंगल बनेका छन् । धेरथोर तराई तथा भित्रीमधेसमा हुनेगरेको मकैखेती काम गर्ने जनशक्तिको अभावमा न्यून हुँदै गएको छ । हिउँदे बालीको रूपमा रहेको गहुँ तराईमा लगाउने कृषिको प्रतिशत १० जतिमा झरेको देखिन्छ । दलहनको हकमा विभिन्न वातावरणीय, माटोको प्राविधिक कारणले थोरै स्थानमा मात्र हुनथालेको छ र उत्पादनमा कमी देखिन्छ । औद्योगिक उत्पादन जसोतसो कूल गार्हस्थ उत्पादनको दश प्रतिशत पुगेकोमा हाल सो हिस्सा घट्ने क्रममा छ ।

औद्योगिक क्षेत्रको जडित क्षमता चालीस प्रतिशतको उत्पादनमा सीमित भएको हालको अवस्थामा नयाँ औद्योगिक, उत्पादनमुखी क्षेत्रहरूको पहिचानमा सरकार नयाँ शिराबाट सोच्नुपर्नेछ । भारतीय तथा चिनियाँ उत्पादनसँगको प्रत्यक्ष प्रतिस्पर्धामा उत्रनका लागि नेपाली उत्पादकले अन्तर्राष्ट्रियस्तरका वस्तुहरूको उत्पादनमा जोड दिन ढिला गर्नु हुँदैन । उत्पादनका लागि पहिलो शर्त व्यावसायिक लगानीको विस्तार हो । विगत तीन-चार वर्षयता यो क्षेत्र संकुचनबाट गुज्रिरहेको छ । यसको प्रत्यक्ष प्रमाण वित्तीय क्षेत्रमा जम्मा भएको सत्र-अठार खर्बभन्दा माथिको लगानीयोग्य रकम हो । आफूलाई आवश्यक नितान्त आधारभूत आवश्यकताका वस्तु सेवाहरूको उत्पादनमा नेपाल परनिर्भर भइरहने हो भने अर्थतन्त्रले लामो समय धान्न सक्दैन । धानचाममलगायत अन्य धेरै कृषिन्य उपजको आयातमा वार्षिक चार खर्बभन्दा माथिको रकम बाहिरिइरहेको छ । साथमा अत्यन्त उर्वर भूमि जनशक्तिको अभावमा बाँझो बनिरहेका छन् । यस बारेमा उचित नीतिगत व्यवस्थाको साथमा कृषिभूमिको उचित प्रयोग तथा उत्पादनमा विस्तार ल्याउन सकिएन भने निकट भविष्यमै आयातको रकम दुईगुनाले वृद्धि नहोला भन्न सकिँदैन । नेपालको बहुआयामिक पक्षहरू उच्च सम्भावना बोकेको पर्यटन क्षेत्रको विकास, विस्तार तथा संरक्षणमा अब नयाँ किसिमले सोच्नुपर्नेछ । नेपालको पर्यटन क्षेत्रको सबैभन्दा ठूलो सारथी भनेको हिमालय रेन्ज हो । हाल विश्वमा देखिएको उच्च तापमान वृद्धि, हिमालय क्षेत्रमा पारेको प्रभावकाले विश्वमा नेपालको पर्यटन क्षेत्रको बारेमा नकारात्मकता देखिन थालेको छ । नेपालको उच्च हिमाली शृंखलाहरूमा वातावरणीय प्रभाव विश्वमा फैलिएका समाचारहरूको समयमै निराकरण गर्दै सुरक्षित, सूचनामुखी तथा भरपर्दो सेवाको विकासमा सरकार, निजी क्षेत्र, स्थानीयको सहकार्यमा अघि बढाउन सकिएमा पर्यटन क्षेत्रले टेवा पाउने अन्यथा बिस्तारै यो क्षेत्र अन्य जसरी कमजोर नहोला भन्न सकिँदैन । सही नीतिगत व्यवस्था, लगानीको उचित सुरक्षा भएकोखण्डमा नेपालको कूल गार्हथ उत्पादनमा पर्यटन क्षेत्रले २० प्रतिशत माथिको योगादानको हैसियत राखेको छ तर यथार्थ कमजोर देखिन्छ । हाल यो क्षेत्रको योगदान छ सात प्रतिशत माथि जानसकेको छैन । नेपालको आर्थिक समृद्धि तथा विकासको हकमा उपलब्ध जलस्रोत यसको बहुआयामिक उपयोगमा नेपाल पछिपरेको छ । उत्तरबाट दक्षिणतिर फर्किएको नेपालको भूगोल तथा अधिकांश नदी तथा हिमनदीहरू यसरी नै बग्ने भएकाले पानीको बहुआयामिक उपयोगमा ठूलो सम्भावना छ । तर, पूर्वाधार, लगानी, प्रविधि एवं यथेष्ठ बजारको अभावमा पानीको उपयोग पूर्णतया व्यावसायिक बन्न सकेको छैन । जलविद्युत् उत्पादनमा निजी क्षेत्रको सहभागिता पछि ४ हजार ५०० मेघावाटमा पुगेको देखिन्छ जुन कूल नाफामुखी उत्पादन क्षमताको हकमा अत्यन्तै कम लगभग १ प्रतिशत मात्र हो । सिँचाइको हकमा हाल खेतीयोग्य जमिनमा १२ महिना सिँचाइ हुने जमिन ५० प्रतिशत पुऱ्याउन सकिएको छैन । खानेपानीको हकमा मेलम्चीको कथा सबैले जानेबुझेकै हो । वर्षभरिमा ८, ९ महिनामात्र पानी आउने गरेको मेलम्ची परियोजनाको लागत १६ अर्बबाट बढेर ७० अर्ब पुगेको सुस्वात मिति हेर्ने हो भने उपत्यकाको एउटा पुस्ताको समय बितेको छ । अन्त्यमा, नेपालको समृद्धिको यात्रा लोककथामा भएका काल्पनिक क्रियाकलाप जस्तो नभएर यथार्थतामा आधारित, वैज्ञानिक तथा व्यावसायिक तथ्यहरूको विश्लेषणसहित उचित लगानी तथा प्रतिफलमा निर्भर भएमा मात्र सम्भव देखिन्छ । सरकार परिवर्तनले मात्र समस्याको समाधान नगरेर उचित नीतिगत परिवर्तन र सही तथा प्रभावकारी कार्यान्वयनमा जानसकेमात्र सम्भव छ किनभने आधारभूत पक्ष नै निकै कमजोर एवं परनिर्भरतामाथि जान सकेका छैनन् । हालको सबैभन्दा ठूलो सामाजिक तथा आर्थिक समस्या हो ।**-हिमालय डटकम**

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय

बुटवल	०७१-५४०२२
स.प्र.क्याम्प बुटवल	९७४०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२१९९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर	०७५-५९१५५५

अस्पताल कार्यालय

लुम्बिनीस्टिटी अस्पताल	०७१-५५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०१
बुटवल हस्पिटल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४११२०१
पिकेन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४४५०
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेट्रिटेक अस्पताल	५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा	०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल	०७५-४००५४

एम्बुलेन्स सं.

रोटरी क्लब बुटवल	०७१-५४६६००
लिग्रो क्लब अस बुटवल	०७१-५४५८९३
रेडक्रस भैरहवा	०७१-५२०८६३
रेफुकाई भैरहवा	०७१-५२६६७३, ९८४७०२२४६४
परासी	०७८-५२०१२५
रेडक्रस पाल्पा	०७५-५२०८००
रेडक्रस तौलिहवा	०७६-५६००५५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी	०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल	९५४७०२१४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१७५८
बनगाई क्लब बनगाई	०७६-६९०१०२
रेडक्रस बेल्हद	०७५-५४७७९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७१२९९६४
न्यु एकता क्लब तानसेन	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा	९८४७७०२७६५
रामपुर टे.इन्टी.	९८५७७२२४७,९८५७७६७४०४

दैनिक राशिफल

मेष : रोकिएको काम थाल्ने आँट बढ्नेछ। पढाइमा नियमितताले नतिजा राम्रो हुनेछ।

वृष : मेहनतले राम्रो परिणाम दिने आशा बढ्नेछ। समय शान्त ठाउँमा बिताउनुहोस्।

मिथुन : खाली पेट नबस्नुहोस्। सम्बन्धमा शंका बढ्न नदिन स्पष्ट कुरा गर्नुहोस्।

कर्कट : मनमा हलुकापन महसुस हुनेछ। खर्च आवश्यकताअनुसार छुट्याउनुहोस्।

सिंह : रिस उठ्दा तुरुन्त प्रतिक्रिया नदिनुहोस्। समयमै सुत्ने बानी बसाल्नुहोस्।

कन्या : सहकर्मीसँग जिम्मेवारी बाँडेर अघि बढ्नुहोस्। मोबाइलबाट टाढा रहनुहोस्।

तुला : बाहिरको खाना कम गर्दा स्वास्थ्यलाई फाइदा हुनेछ। मनको गलत कुरालाई हट्नेछ।

वृश्चिक : नयाँ काममा गति आउनेछ। रोजगारीमा भेटघाटको उपयोग गर्नुहोस्।

धनु : खर्चको व्यवस्था मिलाउनुहोस्। विद्यार्थीले पढाइसँगै निद्रा पनि लिनुहोस्।


मकर : लक्ष्य तय गर्न मन लाग्नेछ। उधारोको सीमा स्पष्ट राख्नुहोस्।

कुम्भ: कामको विवरण राख्नुहोस्। खुसी व्यक्त गर्दा सम्बन्ध नजिक हुनेछ।

मीन : दिन सहज र शान्त बन्नेछ। असन्तुलित खानपानबाट जोगिनुहोस्।

विज्ञान/सूचना प्रविधि

नयाँ आइफोनका कारण एप्पल फेरि बन्यो संसारकै मूल्यवान कम्पनी !



अमेरिकी प्रविधि कम्पनी एप्पलले एनभिडियालाई उछिन्दै फेरि संसारकै सबैभन्दा मूल्यवान कम्पनी बनेको छ । भर्खरै पहिलो पटक फोल्डएबल आइफोन बजारमा ल्याएको एप्पलको नयाँ फोनप्रति उपभोक्ताको आकर्षण बढेको छ । अर्कातिर, एआईमा ठूलो लगानी गरिरहेका कम्पनीको प्रतिफललाई लिएर लगानीकर्ता चिन्तित बनेका छन् । यसको फाइदा एप्पललाई पुगेको छ । ब्लुमबर्गका अनुसार अक्टोबर ३०, शुक्रबार अमेरिकी सेयर बजार बन्द हुँदा एप्पलको बजार पुँजीकरण ५.०३ ट्रिलियन अमेरिकी डलर पुगेको छ । त्यस्तै, यसअघि पहिलो स्थानमा रहेको एनभिडियाको बजार पुँजीकरण ४.९३ ट्रिलियन डलरमा झरेको छ । उसो त शुक्रबार एप्पलको सेयर मूल्यसमेत १.२ प्रतिशत घटेको थियो । तर एनभिडियाको सेयर मूल्य ४.२ प्रतिशत घटेपछि बजार पुँजीकरणका आधारमा एप्पल पहिलो स्थानमा उक्लिएको हो । एआईमा भइरहेको ठूलो लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुनेमा लगानीकर्ताको आशंका बढिरहेको ब्लुमबर्गले लेखेको छ । यही कारण एआई पूर्वाधारमा ठूलो खर्च गरिरहेका कम्पनीको तुलनामा पुँजीगत खर्च नियन्त्रणमा राखेको एप्पललाई लगानीकर्तालें तुलनात्मक रूपमा सुरक्षित कम्पनीका रूपमा हेर्न थालेका छन् । एप्पलले सेप्टेम्बर ९ मा आफ्नो पहिलो फोल्डएबल स्मार्टफोन 'आइफोन डुओ' सार्वजनिक गरेको थियो । कम्पनीले अक्टोबर १६ देखि यसको प्रि-अर्डर खुला गरेको र अक्टोबर २३ देखि बिक्री सुरू गरेको थियो । एप्पलका प्रमुख कार्यकारी अधिकृत जोन टर्नसले आइफोन डुओ सार्वजनिक गर्दै यसलाई पहिलो आइफोनपछि आएको सबभन्दा रूपान्तरणकारी परिवर्तन भएको बताएका थिए । रोयटर्सका अनुसार फोनको प्रि-अर्डर खुल्नासाथ माग आपूर्तिभन्दा बढी भएको थियो । प्रि-अर्डर सुरू भएको केही मिनेटमै एप्पलले अनुमानित डेलिभरी समय आगामी वर्षको जनवरीको अन्त्यसम्म पुऱ्याएको थियो । कम्पनीले उपभोक्ताबाट प्राप्त प्रतिक्रियालाई 'असाधारण' भनेको रोयटर्सले जनाएको छ । अन्तर्राष्ट्रिय बजार अनुसन्धान संस्था 'आइडिसी' को प्रक्षेपण अनुसार सन् २०२६ मा फोल्डएबल फोनको विश्व बजार मूल्यमा एप्पलको हिस्सा ४४ प्रतिशत र बिक्री हुने फोनको संख्यामा ३१ प्रतिशत पुग्न सक्छ । सन् २०२७ सम्ममा एप्पल यस क्षेत्रमा बिक्री मूल्य र बिक्री संख्या दुवैका आधारमा अग्रणी बन्न सक्ने छ । एप्पलको बजार मूल्य बढ्नुको अर्को महत्त्वपूर्ण कारण एआईमा प्रतिस्पर्धी कम्पनीहरूले गरिरहेको ठूलो लगानीप्रति लगानीकर्ताको बढ्दो चिन्ता हो । ब्लुमबर्गका अनुसार इन्टेल, अमेजन, अल्फाबेट र मेटा लगायत ठूला प्रविधि कम्पनीका पछिल्ला वित्तीय नतिजाले लगानीकर्तालाई निराश बनाएका छन् । ठूलो रकम खर्च भइरहँदा त्यस अनुसार प्रतिफल प्राप्त हुने सुनिश्चितता नदेखिँदा लगानीकर्तालें प्रश्न उठाउन थालेका छन् । एप्पलले भने प्रतिस्पर्धी कम्पनीको तुलनामा पुँजीगत खर्च नियन्त्रणमा राखेको छ । यसले गर्दा कम्पनीको नगद प्रवाह तुलनात्मक रूपमा बलियो रहने अपेक्षा गरिएको ब्लुमबर्गले उल्लेख गरेको छ । एप्पलको बजारमा राम्रो प्रदर्शन हुनुमा नयाँ फोल्डएबल फोनसँगै नियमित आइफोनको बिक्रीले पनि साथ दिएको छ । पछिल्लो समय एआई चिप निर्माता एनभिडियाको सेयर वृद्धिदर एप्पलको भन्दा आधाभन्दा कम रहेको ब्लुमबर्गले जनाएको छ ।

-सेतोपाटी डटकम

माइक्रोसफ्टका ६० हजार कर्मचारीलाई स्वेच्छिक अवकाशको प्रस्ताव



अमेरिकी प्रविधि कम्पनी माइक्रोसफ्टले आफ्ना करिब ६० हजार कर्मचारीलाई स्वेच्छिक अवकाश (भोलिन्टरी बाइआउट) को प्रस्ताव गरेको छ । कम्पनीले कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा ठूलो लगानी गर्न आवश्यक स्रोत जुटाउने र सञ्चालन खर्च नियन्त्रण गर्ने उद्देश्यले सोमबार स्वेच्छिक अवकाशको प्रस्ताव ल्याएको हो । माइक्रोसफ्टले क्यानडा, भारत, बेलायत र अमेरिकामा रहेका कर्मचारीलाई यो सुविधा उपलब्ध गराउने जनाएको छ । माइक्रोसफ्टका प्रमुख जनशक्ति अधिकारी एमी कोलम्यानले कर्मचारीलाई पठाएको आन्तरिक सन्देशमा कम्पनीबाहिर नयाँ अवसर खोज्ने विचारमा रहेका योग्य कर्मचारीलाई सहयोगसहित बाहिरिने विकल्प प्रदान गर्न कार्यक्रम ल्याइएको बताएकी छन् । रोयटर्सका अनुसार माइक्रोसफ्टका एक चौथाइभन्दा बढी कर्मचारीले यस कार्यक्रमअन्तर्गत स्वेच्छिक अवकाश रोज्न सक्ने अनुमान छ । रोयटर्ससँग कुरा गरेका स्रोतका अनुसार विन्डोज, कोपाइलट, एआई एक्सपेरियन्स, वित्त, मानव संसाधन, एक्सबक्स तथा विन्डोज प्लस डिभाइससँग सम्बन्धित विभागका कर्मचारी यस कार्यक्रममा सहभागी हुन सक्नेछन् । यद्यपि, मार्केटिङ, कमर्सियल बिजनेस र सुरक्षा क्षेत्रका कर्मचारी भने यस कार्यक्रमबाट बाहिर राखिनेछन् । एआईमा ठूलो लगानी, खर्च व्यवस्थापनको दबाब,माइक्रोसफ्टले एआईसम्बन्धी पूर्वाधार विस्तार गर्न डेटा सेन्टर र चिपमा अर्बौं डलर लगानी गरिरहेको छ । यसका लागि आवश्यक पर्ने ठूलो पुँजीगत खर्चले लगानीकर्तामाझ कम्पनीले भविष्यमा कति प्रतिफल प्राप्त गर्न सक्छ भन्ने प्रश्नसमेत उठाएको छ । कम्पनीले सन् २०२६ को क्यालेन्डर वर्षमा पुँजीगत खर्चका लागि १७५ अर्ब डलर छुट्याउने प्रक्षेपण गरेको छ । एआई प्रविधिमा बढ्दो लगानीसँगै खर्च व्यवस्थापन गर्नु कम्पनीका लागि प्रमुख चुनौती बनेको छ । कम्पनीको वार्षिक प्रतिवेदनअनुसार सन् २०२६ जुन ३० सम्म माइक्रोसुटमा विश्वभर २ लाख २३ हजार पूर्णकालीन कर्मचारी कार्यरत थिए । यस आधारमा प्रस्तावित ६० हजार कर्मचारीको संख्या कम्पनीको कुल कार्यबलको करिब २७ प्रतिशत हुन्छ । चालु वर्षको सुरुवातमा कम्पनीले अमेरिकामा कार्यरत करिब ९ हजार कर्मचारी अर्थात् त्यहाँको कार्यबलको झन्डै ७ प्रतिशतलाई यस्तो प्रस्ताव गरेको थियो । यसैगरी, गत जुलाईमा कम्पनीले आफ्नो एक्सबक्स गेमिङ व्यवसायको पुनर्संरचना गर्दै विश्वभर करिब ४ हजार ८ सय कर्मचारी कटौती गर्ने घोषणा गरेको थियो । त्यतिबेला कम्पनीले आफ्नो गेमिङ व्यवसायमा प्रतिफल बढाउने उद्देश्यले पाँच वटासम्म स्टुडियोबाट अलग हुने योजना पनि सार्वजनिक गरेको थियो । कम्पनीको सेयर मूल्य यस वर्ष करिब १० प्रतिशत बढेको थियो भने सोमबार कारोबारका क्रममा करिब १ प्रतिशतले वृद्धि भएको रोयटर्सले जनाएको छ ।

-अनलाइन खबर डटकम

वैज्ञानिकहरूको निष्कर्ष : जीवनको उत्पत्तिबारे दशकौं पुरानो सिद्धान्त गलत हुन सक्छ



अर्बौं वर्षअघि पृथ्वीमा जीवनको सुरुवात गराउन कोमेट (धूमकेतु/पुच्छेतारा)हरूको महत्त्वपूर्ण भूमिका रहेको भन्ने लोकप्रिय वैज्ञानिक सिद्धान्त गलत हुन सक्ने नयाँ अनुसन्धानले देखाएको छ । दशकौंदेखि प्रचलनमा रहेको यस सिद्धान्तलाई नयाँ कम्प्युटर सिमुलेसनले चुनौती दिएको हो । नयाँ अनुसन्धानअनुसार धूमकेतुमा रहेको जीवनका लागि आवश्यक संवेदनशील जैविक अणुहरू पृथ्वीमा ठोक्किँदा नष्ट हुने सम्भावना बढी थियो । यसले कम्तीमा सन् १९६१ देखि स्थापित जीवनको उत्पत्तिसम्बन्धी एउटा मान्यतालाई नै पुनर्विचार गर्नुपर्ने अवस्था सिर्जना गरेको छ । जीवनका आधारभूत तत्त्वहरू अन्तरिक्षबाट पृथ्वीमा आइपुगेका हुन् भन्ने व्यापक अवधारणालाई 'प्यानस्पर्मिया' भनिन्छ । यो अवधारणा सन् १९०८ मै वैज्ञानिक रूपमा प्रस्तुत गरिएको थियो । पृथ्वीमा जीवनको विकास हुन जटिल जैविक अणुहरू आवश्यक पर्छन् । तर प्रारम्भिक पृथ्वीमा जीवनको आधार बन्ने रासायनिक संरचना निर्माण गर्न पर्याप्त कच्चा पदार्थ उपलब्ध थिए वा थिएनन् भन्ने अझै स्पष्ट छैन । जीवनका आधारभूत संरचना निर्माण गर्ने रासायनिक प्रतिक्रियाहरूलाई 'प्रिबायोटिक केमेस्ट्री' भनिन्छ । धूमकेतु मुख्यतः धुलो र बरफबाट बनेका हुन्छन्, तर तिनमा जैविक पदार्थसमेत पाइन्छन् । यही संरचनाका कारण धूमकेतुलाई 'फोहोर हिउँका डल्ला' (डर्टी स्नाबल) समेत भनिन्छ । यसै आधारमा वैज्ञानिकहरूले धूमकेतुले पृथ्वीको सतहमा पानी र जैविक अणुहरू पुऱ्याएको हुन सक्ने अनुमान गरेका थिए । तर बुधबार वैज्ञानिक जर्नल साइन्टिफिक रिपोर्ट्समा प्रकाशित नयाँ अध्ययनले यो मान्यतामाथि प्रश्न उठाएको छ । अध्ययनअनुसार चार अर्ब वर्षभन्दा पहिले पृथ्वीमा १०० मिटरभन्दा ठुला एक लाखभन्दा बढी धूमकेतु खसेको हुन सक्ने अनुमान छ । तर तीमध्ये अधिकांशको ठक्कर यति शक्तिशाली थियो कि जीवनको सुरुवातका लागि आवश्यक अणुहरू त्यसबाट जोगिन सक्ने अवस्था थिएन । बेलायतको क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत खगोल विज्ञान संस्थानमा विद्यावारिधि अध्ययनका क्रममा यो अनुसन्धान गरेका प्रमुख अनुसन्धानकर्ता रिचर्ड एन्स्लोका अनुसार उनको टोलीले धूमकेतुको निर्माण र विकाससम्बन्धी पछिल्लो वैज्ञानिक मोडेल प्रयोग गरी प्रारम्भिक पृथ्वीको अवस्थाबारे एक लाखपटक कम्प्युटर सिमुलेसन गरेको थियो । 'प्रारम्भिक पृथ्वीको सतहको वातावरणबारे हामीलाई थाहा भएका तथ्यका आधारमा औसतमा कुनै पनि धूमकेतुको ठक्कर सफल भएको देखिएन,' एन्स्लोले भने । उनका अनुसार धूमकेतुमा जीवनका लागि आवश्यक महत्त्वपूर्ण अणुहरू पर्याप्त मात्रामा भए पनि ती पृथ्वीमा अत्यधिक गतिमा आइपुग्ने भएकाले सुरक्षित रूपमा आउन सक्ने सम्भावना न्यून थियो । 'पृथ्वीमा ठोक्किँदा धूमकेतुको सामान्य गति निकै उच्च हुने भएकाले तिनले अखण्ड अवस्थामा जैविक अणुहरू पुऱ्याउन सक्ने सम्भावना अत्यन्तै कम थियो । त्यसैले प्रिबायोटिक रसायन निर्माणका लागि धूमकेतुहरू पहिले सोचिएजति उपयोगी नहुन सक्छन्,' उनले भनेका छन् । अध्ययनअनुसार गरिएको सिमुलेसनमध्ये ५४ प्रतिशतमा धूमकेतुको ठक्कर नै भएन । बाँकी ४६ प्रतिशतमा कम्तीमा एकपटक ठक्कर भएको देखियो । तीमध्ये अत्यन्तै थोरै सिमुलेसनमा तीनवटासम्म ठक्कर भएको थियो । यद्यपि धूमकेतुको ठक्करबाट जीवनका लागि आवश्यक अणुहरू सुरक्षित रूपमा पृथ्वीमा पुगेको सम्भावनालाई पूर्ण रूपमा नकार्न नसकिने एन्स्लो बताउँछन् । तर त्यसका लागि धूमकेतु पृथ्वीको यस्तो विशेष स्थानमा खस्नुपर्ने थियो, जहाँ तरल पानी र जीवनका लागि आवश्यक अन्य रसायन पहिले नै उपलब्ध थिए । यस्तो संयोग हुने सम्भावना निकै कम रहेको उनको भनाइ छ ।

वैकल्पिक सिद्धान्तहरू

नयाँ अध्ययनले प्रिबायोटिक रसायन निर्माणमा महत्त्वपूर्ण मानिने हाइड्रोजन साइनाइड (एससीएन) नामक प्राकृतिक रसायनलाई मुख्य रूपमा विश्लेषण गरेको छ । यो रसायन हेली र हेल-बपसहित दर्जनौं धूमकेतुमा फेला परिसकेको छ । हाइड्रोजन, कार्बन र नाइट्रोजनबाट बनेको एचसीएनले पानीसँग प्रतिक्रिया गर्दा एमिनो एसिड निर्माण गर्न सहयोग पुऱ्याउन सक्छ । एमिनो एसिड प्रोटिन निर्माण गर्ने आधारभूत अणु हुन् । यसअघि भएका विभिन्न अध्ययनले पनि पृथ्वीमा जीवनको उत्पत्तिका लागि एचसीएनलाई महत्त्वपूर्ण रासायनिक तत्त्वका रूपमा पहिचान गरेका थिए । तर धूमकेतु पृथ्वीमा ठोक्किँदा अत्यधिक तापक्रम र दबाब उत्पन्न हुन्छ । एन्स्लोका अनुसार पछिल्ला अध्ययनहरूले यस्तो उच्च तापक्रम र दबाबका कारण जीवनका आधारभूत रासायनिक अणुहरू नष्ट हुन सक्ने देखाएका छन् । नयाँ अध्ययनका लेखकहरूका अनुसार धूमकेतुले सफलतापूर्वक ठक्कर दिए पनि त्यसबाट जीवनका लागि उपयोगी हुने पर्याप्त मात्रामा रसायन पृथ्वीमा आइपुगेको सम्भावना कम छ । समुद्रमा धूमकेतु खसेको अवस्थामा त्यस्ता रसायन पानीमा छिट्टै घुल्ने सम्भावना पनि हुन्छ । त्यस्तै, प्रिबायोटिक रसायन निर्माणका लागि फस्फोरस र सल्फरजस्ता तत्त्व भएका अन्य रासायनिक यौगिक पनि आवश्यक हुन्छन् । तर यस्ता पदार्थ धूमकेतुमा नियमित रूपमा पाइँदैनन् । एन्स्लोका अनुसार धूमकेतुले हाइड्रोजन साइनाइड त पुऱ्याउन सक्ये, तर पृथ्वीमा कुन स्थानमा धूमकेतु खस्छ भन्ने निश्चित नहुने भएकाले जीवन निर्माणका लागि आवश्यक सबै रासायनिक तत्त्व एकै ठाउँमा उपलब्ध हुने सुनिश्चितता थिएन । यसले तिनमा रहेका जैविक अणुहरू सुरक्षित रहने सम्भावना बढाउँछ । एन्स्लोले क्षुद्रग्रह बेन्नु र ररुगुबाट संकलित नमुनामा भएका पछिल्ला अनुसन्धानलाई यसको उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । ती नमुनामा प्रोटिन निर्माणका लागि आवश्यक अधिकांश प्रकारका एमिनो एसिड फेला परेका छन् ।

मंगल ग्रहमा जीवनको उत्पत्तिसँग पनि सम्बन्ध

नयाँ अध्ययनले अर्को रोचक सम्भावनासमेत औंल्याएको छ । पृथ्वीमा धूमकेतुको ठक्करबाट हाइड्रोजन साइनाइड सुरक्षित रूपमा पुग्न अनुकूल अवस्था नभए पनि प्राचीन मंगल ग्रहमा भने यस्तो अवस्था हुन सक्ने अनुसन्धानकर्ताहरूको अनुमान छ । मंगल ग्रह पृथ्वीभन्दा निकै सानो र सूर्यबाट टाढा रहेकाले त्यहाँ ठोक्किने धूमकेतुको गति पृथ्वीमा ठोक्किने धूमकेतुको तुलनामा कम हुने गर्छ । एन्स्लोका अनुसार पृथ्वीमा धूमकेतुको ठक्करले अधिकांश हाइड्रोजन साइनाइड नष्ट गरेको हुन सक्छ, तर मंगल ग्रहमा त्यस्तो अवस्था नहुन सक्छ । 'यसले मंगल ग्रहको प्रारम्भिक विकासलाई अझ विस्तृत रूपमा बुझ्ने प्रयासमा अर्को दृष्टिकोण थप्छ,' उनले भने । यस निष्कर्षले प्राचीन मंगल ग्रहमा कुनै समय जीवनको अस्तित्व थियो कि थिएन भन्ने लामो समयदेखिको वैज्ञानिक बहसमा पनि नयाँ आयाम थप्न सक्छ ।

'धूमकेतुको सिद्धान्त पूर्ण रूपमा खारेज भएको छैन'

यद्यपि नयाँ अध्ययनले धूमकेतुको ठक्करबाट हाइड्रोजन साइनाइड सुरक्षित रहने सम्भावना कम देखाए पनि धूमकेतुको भूमिका पूर्ण रूपमा समाप्त भएको भन्न नमिल्ने केही वैज्ञानिकको तर्क छ । अध्ययनमा सहभागी नभएकी लन्डनस्थित रोयल होलोवे विश्वविद्यालयकी पृथ्वी विज्ञानकी सहप्राध्यापक क्विनि चानका अनुसार धूमकेतु पृथ्वीको वायुमण्डलमा प्रवेश गर्नुअघि नै त्यसमा रहेका हाइड्रोजन साइनाइडले विभिन्न रासायनिक प्रतिक्रिया गरेको हुन सक्छ । यस्ता प्रतिक्रियाबाट एमिनो एसिडजस्ता जैविक दृष्टिले महत्त्वपूर्ण यौगिकहरू बनेका हुन सक्छन् । ती यौगिक तुलनात्मक रूपमा कम वाष्पशील हुने भएकाले पृथ्वीमा ठोक्किँदा सुरक्षित रहने सम्भावना बढी हुन्छ । 'अखण्ड हाइड्रोजन साइनाइड पुऱ्याउन धूमकेतु प्रभावकारी नदेखिनुले जीवनको उत्पत्तिअघि पृथ्वीमा जैविक पदार्थको भण्डार निर्माण गर्न अन्य महत्त्वपूर्ण जैविक यौगिक पुऱ्याउन तिनको भूमिका थियो भन्ने सम्भावनालाई पूर्ण रूपमा खारेज गर्दैन,' चानले इमेलमार्फत आफ्नो धारणा व्यक्त गरेकी छन् । अमेरिकाको मिसिगनस्थित एल्बियन कलेजकी भौतिकशास्त्र प्राध्यापक निकोल जेल्नरले पनि नयाँ अनुसन्धानको निष्कर्ष आफूलाई आश्चर्यजनक नलागेको बताएकी छन् । उनले जीवनको उत्पत्तिमा धूमकेतुको सम्भावित योगदानलाई पूर्ण रूपमा अस्वीकार गर्न नहुने धारणा राखे पनि नयाँ अध्ययनले धूमकेतुको भूमिका कति सम्भावित थियो भन्नेबारे महत्त्वपूर्ण वैज्ञानिक आधार प्रस्तुत गरेको स्वीकार गरेकी छन् । यसरी नयाँ अनुसन्धानले पृथ्वीमा जीवनको सुरुवात कसरी भयो भन्ने रहस्यको अन्तिम उत्तर दिएको छैन । तर जीवनका आधारभूत तत्त्व अन्तरिक्षबाट धूमकेतुले ल्याएका थिए भन्ने दशकौं पुरानो मान्यतामाथि पुनर्विचार गर्नुपर्ने आधार भने प्रस्तुत गरेको छ ।**-रातोपाटी डटकम**

ट्रक र मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु



दाङ, कार्तिक १६/दाङको देउखुरी क्षेत्रमा ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक युवकको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । लमही-भालुवाङ सडकखण्डअन्तर्गत राप्ती गाउँपालिका-३ बाघढ्ढीमा सोमबार बिहान भएको दुर्घटनामा मोटरसाइकल चालकको ज्यान गएको हो ।

प्रहरीका अनुसार पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको लु १ ख ९२४८ नम्बरको ट्रक र विपरीत दिशाबाट आइरहेको प्रदेश ३-०२-०१० प ६९२२ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए । दुर्घटनामा मोटरसाइकलमा सवार तीनै जना घाइते भएका थिए । दुर्घटनामा परी राप्ती गाउँपालिका-६ भगवानपुर निवासी ३१ वर्षीय प्रवीण चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुवाङले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई तत्काल उपचारका लागि भालुवाङ अस्पताल पुऱ्याइएको थियो । तर, उपचारका क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । त्यस्तै, मोटरसाइकलमा सवार राप्ती गाउँपालिका-३ मसुरिया निवासी १६ वर्षीय निशु चौधरी र १९ वर्षीया करिना चौधरी घाइते भएका छन् । दुर्घटनामा घाइते भएका दुवै जनालाई थप उपचारका लागि बुटवल लगिएको इलाका प्रहरी कार्यालय भालुवाङले जनाएको छ । उनीहरूको बुटवलमा उपचार भइरहेको छ । लमही-भालुवाङ सडकखण्डमा भएको उक्त दुर्घटनापछि स्थानीय क्षेत्रमा शोकको वातावरण बनेको छ । दुर्घटनाबारे थप विवरण आउन बाँकी रहेको छ ।

खेलकुद समाचार

कर्णाली बिरुद्ध काठमाण्डौको पहिलो जीत



काठमाडौं, कार्तिक १६/नेपाल प्रिमियर लिग (एनपीएल) मा काठमाण्डौ गोर्खाजले कर्णाली याक्सलाई ४ विकेटले हराएको छ । कर्णालीले दिएको १८१ रनको लक्ष्य काठमाण्डौले १९ ओभर ४ बलमा ६ विकेट गुमाएर भेटायो । काठमाण्डौका राशिद खानले ५०, कप्तान करण केसीले ४४ रन बनाए । यस्तै चर्चित अस्ट्रेलियाली क्रिकेटर डेभिड वार्नर १६ रन बनाएर आउट भए । वार्नरलाई कर्णालीका कप्तान सोमपाल कामीले बोल्ड आउट गरे । कर्णालीका सोमपाल कामी र हुसैन तलातले २/२ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ६ विकेट गुमाएर १८० रन बनाएको थियो । कर्णालीका आरिफुल इस्लामले ४४, हुसैन तलातले ४०, पवन सर्राफले नटआउट ३० रन बनाए । प्रतियोगितामा काठमाण्डौ यो पहिलो जीत हो । काठमाण्डौ पहिलो खेलमा जनकपुर बोल्ट्ससँग ८ विकेटले पराजित भएको थियो । यस्तै कर्णालीको यो पहिलो हार हो । कर्णालीले पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रन र दोस्रो खेलमा विराटनगर किङ्ग्सलाई ४ विकेटले हराएको थियो । एनपीएलमा दोस्रो खेलमा चितवन राइनोज र सुदूरपश्चिम रोयल्स खेल्दैछन् । यो खेल बेलुकी ५ बजे शुरू हुनेछ । प्रतियोगितामा चितवनको यो तेस्रो खेल हो । चितवनले पहिलो खेलमा विराटनगरलाई ८ रनले हराएको थियो भने लुम्बिनी लायन्ससँगको दोस्रो खेल नतिजाविहीन भएको थियो । यस्तै सुदूरपश्चिमको यो चौथो खेल हो । सुदूरपश्चिम पहिलो खेलमा लुम्बिनीसँग ७ विकेट र तेस्रो खेलमा विराटनगरसँग ३५ रनले पराजित भएको थियो भने दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ६ विकेटले हराएको थियो । आठ वटा टोली सहभागी तेस्रो संस्करणको एनपीएल आउँदो मङ्सिर ५ गतेसम्म चल्नेछ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित चित्रुधारा गा.वि.स.-५ खोरबारी, हाल बगनासकाली upRIrsf! lgif,Le/ltoaf]lgsg 5447048 Y का TS-NK दिल बहादुर थापा (ना.प्र.मा दिल बहादुर दिशा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा खिमसरा देवी र जन्म मिति सन् १९५४ मे १७ (वि.स.२०१६/०२/०३) र नेपाली नागरिकता प्रमाणपत्रमा खिमसरा दिशा, जन्म मिति वि.स. २०१६/०७/२५ (सन् १९५४ नोभेम्बर ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित अर्गली गा.वि.स.-३, हाल तानसेन नगरपालिका-१४ निवासी भारतिय भू.पू.सैनिक नं. 5839181 H का NK गोपाल प्रसाद पराजुली (ना.प्र.मा गोपाल प्रसाद पराजुली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लक्ष्मि देवी र जन्म मिति सन् १९५७ अगष्ट १६ (वि.स.२०१४/०४/३२) र नेपाली नागरिकता प्रमाणपत्रमा लक्ष्मि देवी पराजुली, जन्म मिति वि.स. २०१५/०५/१७ (सन् १९५८ सेप्टेम्बर २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सावित गेभा गा.वि.स.-४, हाल रामपुर नगरपालिका-१० निवासी भारतिय भू.पू.सैनिक नं. 5340541 X का H/N Sub सोम बहादुर थापा (ना.प्र.मा सोम बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दमयन्ती सरा र जन्म मिति सन् १९५६ सेप्टेम्बर २० (वि.स.२०१३/०६/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा दमन्ती सरा सारु, जन्म मिति वि.स. २०११/०२/१५ (सन् १९५४ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की गुल्मी जिल्ला सावित ग्वादी गा.वि.स.-२, हाल रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-११ निवासी भारतिय भू.पू.सैनिक नं. 5448074 P का HAV सुदर्शन साही (ना.प्र.मा सुदर्शन शाही) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तारा कुमारी साही र जन्म मिति सन् १९६५ अगष्ट २७ (वि.स.२०२२/०५/११) र नेपाली नागरिकता प्रमाणपत्रमा तारा कुमारी शाही, जन्म मिति वि.स. २०२७/०७/१२ (सन् १९७० अक्टुवर २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम, ५४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई